# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०८२/०८३
Ref.No :2082/083
चलानी नं. :

तेतरिया,मोरङ्ग
Tetariya,Morang
कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal

मितिः २०८३/०३/१२

**स्थानीय सडक पूर्वाधार सेवा शुल्क संकलन गर्ने कार्यको E-bid ठेक्का बन्दोबस्ती सम्बन्धि २१ दिने सूचना।**

**प्रथम पटक प्रकाशित मिति २०८३/०३/१५**

यस ग्रामथान गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको २० औं गाउँसभाको निर्णयानुसार स्थानीय सडक पूर्वाधार सेवा शुल्क अशुली गर्न देहाय बमोजिमको आन्तरिक आय सम्बन्धि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस गाउँपालिकाले तोकेको शर्तहरुको अधिनमा रहि इच्छुक व्यवसायी, फर्म, कम्पनीबाट तोकिएको न्यूनतम अङ्कमा नघट्ने गरी स्थानीय सडकक पूर्वाधार शुल्क संकलन गर्नका लागि यस गाउँपालिकाबाट जारी गरीएको तपशिल बमोजिमको बोलपत्र फारम दस्तुर तिरी (फिर्ता नहुने गरी) खरिद गरी तोकिएको म्याद भित्रमा विद्युतीय खरिद प्रणाली (**e-GP**) बाट मात्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ।

तपशिलः

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | उठाउने क्षेत्र | न्यूनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कै. |
|---|---|---|---|---|---|---|
| १ | **G.R./NCB/Goods/ 01/083/084** | स्थानीय सडक पूर्वाधार शुल्क संकलन | मुख्य राजमार्ग बाहेक गा. पा. को क्षेत्र भित्रका सडकहरु। | १८,७१,०००/- | ३०००/- | |

**नोटः कर शुल्क संकलनको दररेट (प्रति पटक):**

१. ट्याक्टर - रु. ५०/-

२. मालवाहक ट्रक र ट्रिफर - रु. १००/-

३. हाइवा - १५०/-

**शर्तहरुः**

१. बोलपत्र फारम दस्तुरको लागि रु. ३०००/- (तिन हजार) मात्रको यस कार्यालयको ऐन. आई. सि. एसिया बैंक, पुष्पलाल चौक शाखाको आन्तरिक राजस्व खाता नं. ०६९२०५०००५८३६००७ मा अन्य शिषर्कको शिर्षक नं. ११६९१ मा दाखिला गरी **PPMO** को वेबसाइट **https://bolpatra.gov.np/egp** मार्फत मिति २०८३/०४/०४ गते सोमवारको दिन १२:०० बजे सम्म बोलपत्र फारम **https://bolpatra.gov.np/egp** बाट डाउनलोड गरी अनिवार्य अनलाइन बोलपत्र दर्ता गराउनु पर्नेछ।

२. बोलपत्र दर्ता भएको दिन दिनको ०२:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ र बोलपत्र खोल्ने समयमा बोलपत्र दाताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन।

३. बोलपत्रमा ठेक्का कबोल रकमको ५ प्रतिशतले हुने रकम ग्रामथान गाउँपालिकाको नाममा रहेको ऐन. आई. सि. एसिया बैंक, पुष्पलाल चौक शाखाको धरौटी खाता नं. ६९४१०००५८३६५२४०३ मा जम्मा गरेको भौचर वा "क" वर्गको बैंकले

(बिड बण्ड) साथै बोलपत्रदाताले फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि नविकरण भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ. व. २०८१/०८२ को कर चुक्ता वा म्याद थप गरीएको प्रमाण र स्वघोषणा पत्र साथै ठेक्का जमानत पत्र र अन्य आवश्यक सम्पूर्ण कागजात **Scan copy** अनिवार्य अपलोड गर्नुपर्नेछ।

४. शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन बिदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिन बोलपत्र खोलिनेछ।

५. बोलपत्र दाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाउनु पर्नेछ।

६. ठेक्काको अवधि सम्झौता अवधि देखि २०८४ असार मसान्त सम्मको लागि मात्र हुनेछ।

७. ठेक्का सम्झौता भइसके पछि कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट मिनाहा माफी दिइने छैन।

८. करका दररेटहरु गाउँपालिकाले तोके बमोजिम अशुल उपर गर्नुपर्नेछ अन्यथा बढी रकम अशुल गरेको ठहर भएमा सम्झौता भङ्ग भएको मानी सो तर्फ कारवाही अगाडी बढाइने छ।

९. बोलपत्रतादाले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नुपर्नेछ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ।

११. बोलपत्रदाता तथा गाउँपालिका बिच कुनै किसिमको मत भिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम मानिनेछ।

१२. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ।

१३. ठेक्का तयारी तथा यस संग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनु पर्नेछ।

१४. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित रहनेछ।

१५. एक फर्म वा संस्थाको नाममा खरिद गरीएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन।

१६. ठेक्का तथा बिड डकुमेन्ट सम्बन्धि अन्य जानकारीको लागि बोलपत्रदाताले **https://bolpatra.gov.np/egp** मार्फत जानकारी प्राप्त गर्न सकिनेछ।

१७. सिलबन्दी फारममा आफुले कबोल गरेको ठेक्का रकम अङ्क र अक्षर दुबैमा केरमेट नगरी स्पष्ट लेख्नु पर्नेछ। तर अङ्क अक्षर फरक परेमा सार्वजनिक हितको सिद्धान्तलाई मानि निर्णय गर्नलाई बाधा पर्ने छैन।

१८. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन्।

.............................................
मुरारी प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

मुरारी प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत